## चालकहरुको लागि गोपनियता सम्बन्धी सूचना (नेपाल)

Vana-Lõuna 15, Tallinn 10134, एस्टोनियामा अवस्थित, Bolt Operations OÜ (कम्पनी दर्ता नं १४५३२९०1), यात्रुहरूको व्यक्तिगत डाटाको नियन्त्रक हो र सो सम्बन्धमा डाटा संरक्षण अधिकारी नियुक्त गरेको छ (privacy@bolt.eu)।

"हाम्रो" वा "हामी" शब्दले बोल्ट एपको स्वामित्वकर्ता, एस्टोनिया गणतन्त्रमा स्थापना भएको प्राइभेट लिमिटेड कम्पनी Bolt Operations OÜ लाई जनाउँछ।

1. हामीले प्रशोधन गर्ने व्यक्तिगत डाटा

- नाम, इ-मेल, फोन नम्बर, बसोबासको स्थान ।
- चालक र ड्राइभिङ मार्गहरूको भौगोलिक स्थान ।
- सवारी साधनको बारेमा जानकारी (दर्ता नम्बर सहित)।
- चालकको दक्षता र मूल्याङ्कन।
- चालक इजाजतपत्र, फोटो, पेशा र परिचय-पत्रहरु।
- आपराधिक अभियोग तथा कसूर सम्बन्धी डाटा। चालकहरूले आर्थिक र व्यावसायिक गतिविधिहरूको क्रममा सेवाहरू प्रदान गर्ने हुँदा हायर सेवाहरू सम्बन्धी वित्तीय डाटालाई व्यक्तिगत डाटा मानिने छैन ।
- सञ्चार र पत्राचार रेकर्डहरू: जस्तै चालकले हाम्रो इन-एप च्याटमा संलग्न हुँदा ("मेसेज पठाउनुहोस्" विकल्प) वा हाम्रा ग्राहक सेवा एजेन्टहरूसँग कुरा गर्दा, सो कुराकानीको मिति र समय र सो कुराकानीको विषय-वस्तु।
- हाम्रो जानकारीका लागि तपाईंले हामीलाई प्रदान गर्नुभएको अन्य कुनै पनि जानकारीहरु (जस्तै तपाईंको करदाता पहिचान नम्बर, भ्याट आइ.डी, जन्म स्थान, वित्तीय खाता पहिचानकर्ता, तपाईं बासिन्दा रहनुभएको प्रत्येक सदस्य राज्यको जानकारी) सङ्कलन तथा प्रशोधन गर्न सकिनेछ ।

2. प्रशोधनको उद्देश्यहरु

- हामी यात्रुहरूलाई चालकहरूसँग जोडी उनीहरुलाई शहरहरूमा अझ प्रभावकारी रूपमा एक ठाँउबाट अर्को ठाँउमा आवतजावत गर्न मद्दत गर्ने उद्देश्यका साथ व्यक्तिगत डाटा सङ्कलन र प्रशोधन गर्दछौं ।
- भौगोलिक क्षेत्रको विश्लेषण गर्न र चालकहरूलाई सुझाव दिनको लागि भौगोलिक स्थान र ड्राइभिङ मार्गहरू प्रशोधन गरिन्छ। यदि तपाईं आफ्नो भौगोलिक स्थान यात्रुहरूका लागि खुलासा गर्न चाहनुहुन्न भने तपाईंले बोल्ट एप बन्द गर्नुपर्छ वा बोल्ट एपमा तपाईं अफलाइन हुनुहुन्छ र हाल हायर सेवाहरू प्रदान गरिरहनुभएको छैन भनी संकेत गर्नुपर्छ।

- कानूनी आवश्यकताहरूको पालना र चालकको रूपमा सेवाहरू प्रदान गर्ने उपयुक्तता निर्धारण गर्न चालकको इजाजतपत्र, पेशा, परिचय-पत्रहरु र आपराधिक अभियोग तथा कसूरहरुको जानकारी प्रशोधन गरिन्छ।
- बोल्ट एपले चालक र गाडीको पहिचान गर्नको लागि चालकको तस्बिर, नाम, र सवारीको विवरण यात्रुहरूलाई प्रदर्शन गर्दछ।
- तपाईले बोल्ट चालक पोर्टलबाट सारांशहरू प्राप्त गर्नुहुनेछ जसमा चालकको रूपमा तपाईंको दक्षता र मूल्याङ्कनहरू समावेश हुनेछन्। यात्रुहरूको लागि भरपर्दो सेवाहरू प्रदान गर्न चालकको बारेमा सारांश र मूल्याङ्कन आवश्यक छ।
- सिधै बोल्ट एप मार्फतका तत्कालका मेसेजहरुसंग सम्बन्धित व्यक्तिगत डाटाहरु ग्राहकहरुलाई सहायता र सेवा प्रदान गर्न (चालक र ग्राहक बीचको विवाद समाधान गर्ने सहित), सुरक्षा उद्देश्यका साथै हाम्रा सेवाहरू सुधार गर्न, र विश्लेषण गर्नको लागि प्रशोधन गरिन्छ।

3. कानूनी आधार

- चालकसँग सम्पन्न भएको सम्झौताको कार्यसम्पादनका लागि व्यक्तिगत डाटा प्रशोधन गरिन्छ। चालकको पहिचान र भौगोलिक स्थान सम्बन्धी डाटाको प्रशोधन नै बोल्ट सेवाहरूको प्रयोगको लागि पूर्व शर्त/आधार हो।
- जालसाजी भुक्तानीहरूको अनुसन्धान गर्ने र सो कार्यहरु पत्ता लगाउने उद्देश्य लगायतका वैध सरोकारको बिषयहरुको सन्दर्भमा व्यक्तिगत डाटा प्रशोधन गर्न सकिनेछ ।
- आपराधिक अभियोग तथा कसूरहरु सम्बन्धी डाटा कानूनी दायित्वको अनुपालनको लागि प्रशोधन गरिन्छ।

4. प्रापकहरू

- तपाईंको व्यक्तिगत डाटा तपाईले प्रस्ताव/अर्डर स्विकार्नु भएको यात्रुहरुलाई मात्र खुलासा गरिन्छ। यात्रुहरूले चालकको नाम, गाडी, फोन नम्बर, फोटो, र भौगोलिक स्थान सम्बन्धी डाटा देख्नेछन्। यात्रुहरूले रसिदमा समेत चालकको व्यक्तिगत डाटा देख्नेछन्।
- चालक रहेको स्थानको आधारमा, बोल्टका स्थानीय सहायक कम्पनीहरू, प्रतिनिधिहरू, सम्बद्ध निकायहरू, एजेन्टहरू, फ्लीट धनीहरू आदिलाई व्यक्तिगत डाटा खुलासा गर्न सकिन्छ। व्यक्तिगत डाटाको प्रशोधन यस गोपनीयता सूचनामा स्थापित शर्त अन्तर्गत नै हुनेछ।
- हामीले अदालतको आदेश अन्तर्गत वा उजूरी वा अनुसन्धानहरू ह्यान्डल गर्न डाटा सुरक्षा पर्यवेक्षक निकायसंग समन्वय गर्दा जानकारी खुलासा गर्न सक्नेछौं । साथै, हामीले कानुन कार्यान्वयन गर्ने वा अन्य सार्वजनिक निकायहरू (जस्तै कर कार्यालयहरू) लगायत कानून

बमोजिम वा सार्वजनिक हित सम्बन्धी कार्यलाई प्रवर्धन गर्ने प्रयोजन सम्बन्धी अनुरोधलाई प्रतिक्रिया दिदा समेत तपाइको व्यक्तिगत डाटा प्रदान गर्न सक्नेछौँ। जुनसुकै अवस्थामा पनि, कानूनी आधार रहेकोमा मात्र जानकारी प्रदान गर्ने कुराको हामीले सुनिश्चितता सदैव गर्नेछौ र हाम्रो जानकारी प्रदान गर्ने निर्णयलाई समेत अभिलेखमा राख्नेछौँ।

5. सुरक्षा र पहुँच

- सेवाहरू उपलब्ध गराउने क्रममा सङ्कलन गरिएका कुनै पनि व्यक्तिगत डाटालाई युरोपियन युनियनका सदस्य राष्ट्रहरूको क्षेत्रहरूमा अवस्थित रहेका जोन मेडिया एल टि डी र/वा अमेजोन वेब सर्भिसेज, इन्कको डाटा केन्द्रहरूमा स्थानान्तरण र भण्डारण गरिन्छ। बोल्ट ग्रुप कम्पनीहरूका अख्तियारप्राप्त कर्मचारीहरू र साझेदारहरूको मात्र व्यक्तिगत डाटामा पहुँच हुनेछ र तिनीहरूले सेवाहरूको प्रयोगसँग सम्बन्धित समस्याहरू (हायर सेवाहरू सम्बन्धी विवादहरू सहित) समाधान गर्ने उद्देश्यका लागि मात्र डाटामा पहुँच गर्न सक्नेछन्।
- बोल्ट समूहका कम्पनीहरू र साझेदारहरूले सम्बन्धित देशमा ग्राहक सहायता प्रदान गर्न आवश्यक हदसम्म व्यक्तिगत डाटा पहुँच गर्न सक्छन्। थप जानकारी https://bolt.eu/cities/.

6. यात्रुहरूको व्यक्तिगत डाटाको प्रशोधन

- तपाईले हाम्रो अनुमति बिना यात्रुहरूको व्यक्तिगत डाटा प्रशोधन गर्न पउनुहुने छैन। हायर सेवाहरू पूरा गर्ने उद्देश्यले बाहेक अन्य कुनै पनि कारणले तपाईले कुनै पनि यात्रुलाई सम्पर्क गर्न वा यात्रुहरुले प्रदान गरेको व्यक्तिगत डाटा वा बोल्ट एप मार्फत तपाईलाई पहुँचयोग्य हुने व्यक्तिगत डाटा सङ्कलन, रेकर्ड, भण्डारण, पहुँच प्रदान, प्रयोग वा अन्य कुनैपनी रुपमा प्रयोग गर्न सक्नुहुने छैन।
- यात्रुहरूको व्यक्तिगत डाटाको प्रशोधनका लागि तपाईंले "यात्रुहरूका लागि गोपनीयताको सूचना" (http://www.bolt.eu/legal/) मा उल्लिखित नियम र शर्तहरूको पालना गर्नुपर्छ। यदि तपाईंले यात्रुहरूको व्यक्तिगत डाटाको प्रशोधनका शर्तहरुउल्लङ्घन गर्नुभएमा हामी तपाईंको चालक अकाउन्ट बन्द गर्न सक्छौं र तपाईबाट क्षतिपूर्ति दाबी गर्न सक्छौ।

7. पहुँच दिने, सच्याउने, अवधारण गर्ने, मेटाउने र डाटाको पुनःप्रयोग **(**पोर्टेबिलिटी**)**

- व्यक्तिगत डाटा बोल्ट चालक पोर्टलमा हेर्न र सच्याउन सकिन्छ।
- तपाईंको व्यक्तिगत डाटा तपाईंसँग सक्रिय चालक अकाउन्ट रहिन्जेलसम्म भण्डारण गरिनेछ। यदि तपाईंको अकाउन्ट बन्द भएमा व्यक्तिगत डाटा थप 3 वर्षको अवधिको लागि भण्डारण गरिनेछ।
- लेखा सम्बन्धी प्रयोजनको लागि आवश्यक डाटा 7 वर्ष सम्मको लागि भण्डारण गरिनेछ।

- प्रशासनिक वा फौजदारी अपराध, ठगी, वा गलत जानकारीको सम्बन्धी आशंकाको अवस्थामा डाटा १० वर्ष सम्मको लागि भण्डारण गरिनेछ।
- विवाद रहेको अवस्थामा दावी पुष्टि नभएसम्म वा त्यस्ता दावीहरूको म्याद सकिने मितिसम्म डाटा अवधारण गरिनेछ।
- इ-मेल मार्फत पेश गरिएको व्यक्तिगत डाटा मेटाउने र स्थानान्तरण गर्ने अनुरोधको हामी एक महिना भित्र प्रतिक्रिया गर्दछौ र डाटा मेटाउने र स्थानान्तरणको अवधि निर्दिष्ट गर्दछौं।

## 8. विवाद समाधान

ग्राहक सहायता (info@bolt.eu) मार्फत वा बोल्टको डाटा सुरक्षा अधिकारी (privacy@bolt.eu).लाई सम्पर्क गरेर व्यक्तिगत डाटाको प्रशोधनसँग सम्बन्धित विवादहरू समाधान गरिन्छ।

पर्यवेक्षण अधिकारी एस्टोनियन डाटा प्रोटेक्शन इन्स्पेक्टोरेट (www.aki.ee) हो जसलाई इमेल info@aki.ee मार्फत सम्पर्क गर्न सकिन्छ।

पछिल्लो पटक अद्‌यावधिक गरिएको**: 1** चैत्र **2079**